स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चकलेटी अभिनेताको रुपमा चिनिएका प्रदीप खड्का आफूलाई 'भर्सटायल' बनाउने प्रयासमा छ । नयाँ फिल्म 'पूजार सार्की'मा उनी दलित युवकको भूमिकामा प्रस्तुत हुँदैछन् । छायांकन सुरु हुनुभन्दा अगाडि निर्माण टिमले सार्वजनिक गरेको 'फर्स्टलुक' पोस्टरमा उनको चरित्रचित्रण रोचक देखिएको थियो । प्रदीपको जन्मदिनको अवसर पारेर आइतबार निर्देशक दिनेश राउतले फेसबुकमार्फत् उनको 'क्यारेक्टर लुक्स' सार्वजनिक गरेका छन् । दुईवटा तस्वीरमा प्रदीपको लुक्सले 'सरप्राइज' बनाउँछ ।

**आजको विचार...**



गणतन्त्र...

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रङ्गेली'मा अभिनेता आर्यन सिग्देलको केमियोबारे यसअघि नै खबर सार्वजनिक भइसकेको थियो । तर, उनको भूमिका र लुक्स गोप्य राखिएको थियो । फिल्म प्रदर्शन भएसँगै उनको लुक्सले दर्शकलाई 'सरप्राइज' बनाएको छ । उनी क्लाइमेक्समा खलपात्र (भिलेन)को खुंखार स्वरुपमा देखिएका छन् । सिक्वेलका लागि उनलाई फिल्ममा भित्राइएको हो । 'रङ्गेली'लाई जसरी टुंग्याइएको छ, त्यसले सिक्वेलमा आर्यनको दयाहाङ राईसँग 'क्ल्यास' हुने प्रष्ट बुझिन्छ । दोस्रो भागमा आर्यन र दयाहाङ मुख्य भूमिकामा हुने जनाइएको छ ।

❒ वर्ष २९ ❒ अंक २२२ ❒ २०८० फागुन २८ गते सोमबार 11 March 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# सत्ता समीकरण : लुम्बिनी प्रदेशमा पनि हलचल

## सरकार जोगाउन मुख्यमन्त्रीको कसरत

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन २७/केन्द्रमा काँग्रेस सहितको सत्ता गठबन्धन भत्किएसँगै लुम्बिनी प्रदेश सरकारमा पनि हलचल ल्याएको छ । केन्द्रीय सरकारमा भएको उथलपुथलले प्रदेश सरकार संकटमा पर्ने निश्चित छ ।

केन्द्रमा माओवादी, एमाले, रास्वपा, जसपा, एकीकृत समाजवादी सहितको नयाँ गठबन्धन बनिसकेको छ । नयाँ सत्ता गठबन्धन दल रास्वपाको प्रदेशमा उपस्थिति छैन । यहाँ आउँदो नेतृत्वलाई केवल १ मतको अभाव छ । सबैभन्दा ठूलो दलको हैसियतले यो प्रदेशमा एमालेको दाबी रहे पनि सरकार गठन प्रक्रिया त्यति सरल नबनिरहे पनि अन्य प्रदेशको तुलनामा यहाँ सहज नै देखिन्छ । अहिले यस प्रदेशमा नेपाली काँग्रेसका डिल्लीबहादुर चौधरीको नेतृत्वमा सरकार छ । उनी ५३ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री भएका थिए । तर केन्द्रको समिकरण अनुसार उनको नेतृत्वको सरकार संकटमा परेको हो । अहिले प्रदेशसभामा ८६ सांसद






छन् । आवश्यक बहुमतका लागि ४४ जना सांसद चाहिन्छ । यहाँ ठूलो दल एमालेका २९, माओवादीका ११ र जनता समाजवादी पार्टीका ३, नेकपा एकीकृत समाजवादीका १ जना गरी नयाँ गठबन्धनमा ४४ जना सांसद पुग्छन् । काँग्रेसका २७, नागरिक उन्मुक्ति पार्टीका ४, राप्रपा, लोकतान्त्रिक समाजवादी पार्टी र जनमतका तीन/तीनवटा, राजमो एक र स्वतन्त्र एक जना सांसद रहेका छन् । एमाले, माओवादी, जसपा र नेकपा एससहितको गठबन्धन बन्दा सभामुखसहित ४४ जना हुन्छन् । सभामुखले मत दिन नपाएको अवस्थामा एमाले माओवादी गठबन्धनलाई स्वतन्त्र सदस्य निर्णायक बन्ने अवस्था छ । राप्रपा तटस्थ बसेको अवस्थामा एमाले माओवादी गठबन्धनको बहुमत पुग्ने अवस्था आउने र राप्रपाले वर्तमान मुख्यमन्त्री चौधरीलाई समर्थन गरेको अवस्थामा मधेशवादी दल, राप्रपा र राष्ट्रिय जनमोर्चासमेत गर्दा चौधरीको पक्षमा ४१ मत पुग्नेछ । मुख्यमन्त्रीले बाँकी २ मतका लागि स्वतन्त्रबाहेक पनि अन्य दलको १ मतमा भर पर्नुपर्छ । जुन सहज देखिदैन । तर पनि आफ्नै मतबाट सरकार जोगाउने रणनीतिमा मुख्यमन्त्री चौधरी लागेका छन् । मुख्य मन्त्री चौधरीले आफ्नै नेतृत्वमा सरकारलाई निरन्तरता दिन दौडधुप गरे पनि पाउन सक्ने अवस्था भने कठिन नै छ । यद्यपी बहुमत जुटाउने प्रयासमा भने उनी निरन्तर लागिरहेका छन् । चौधरीले सरकारमै रहेको नागरिक उन्मुक्ति र लोकतान्त्रिक समाजवादीलाई थप मन्त्रालय दिएरै भए पनि सरकार जोगाउने प्रयत्न गरेका हुन् । उनले नागरिक उन्मुक्ति र लोकतान्त्रिक समाजवादी पार्टीलाई एक/एक मन्त्री दिने तयारीमा रहेको उनी निकट स्रोतले जनाएको छ । मुख्यमन्त्री चौधरीले जसपा पनि सरकारबाट बाहिरिएको अवस्थामा बचेका मन्त्रालय उन्मुक्ति, जनमत, लोसपा र स्वतन्त्रलाई दिने सम्भावना छ । राप्रपाले पनि मुख्यमन्त्री चौधरीलाई नै सहयोग गर्न सक्ने प्रवल सम्भावना रहेको छ ।

केन्द्रमा समिकरण परिवर्तनले हरेक पटक प्रदेश सरकार अस्थिर बन्दै आएको छ । जब-जब केन्द्रको सरकार फेरबदल हुन्छ तब प्रदेशमा त्यसको प्रत्यक्ष असर देखिन पुग्नु दुखद् हो । यसै पनि प्रदेश सरकार प्रति आम नागरिक सन्तुष्ट हुन सकेका छैनन् । त्यस्तो अवस्थामा सत्ता समिकरणको असरले थप नैरास्यता प्रदान गरेको छ । पटक- पटक हुने सत्ता परिवर्तनले न प्रदेशको विकास हुन सक्छ नत नागरिकले प्रदेश सरकारको अनुभूति गर्न सक्छन् ।

### संक्षिप्त समाचार

#### आज राष्ट्रिय सभा अध्यक्षको मनोनयन दर्ता हुँदै

**पाल्पा,** फागुन २७/मंगलबार हुने राष्ट्रिय सभा अध्यक्षको निर्वाचनका लागि आज मनोनय दर्ता हुने भएको छ । आइतबार बिहान बसेको राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरु (सर्वदलीय) बैठकले सोमबार मनोनयन दर्ता गर्ने गरी निर्वाचनको मिति तय गरेको हो ।

बैठकमा सभाको अध्यक्षता गरेकी उपाध्यक्ष उर्मिला अर्यालले राष्ट्रिय सभा अध्यक्ष पदको निर्वाचन मिति फागुन २९ गतेलाई तोकेकी हुन् । उनले निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गर्न संघीय संसद्का महासचिवलाई निर्देशन समेत दिइन् । संसद सचिवालयका अनुसार 'पूर्वनिर्धारित समयमै चुनाव गर्ने निर्णयसहित कार्यसूची तय भएको छ ।' यसअघि राष्ट्रिय सभाको कार्य व्यवस्था परामर्श समितिको बैठकले स्वीकृत गरेको कार्यतालिकामा फागुन २७ गते राष्ट्रिय सभाको अध्यक्षको निर्वाचनको दिन र समय निर्धारण गर्ने र २९ गते निर्वाचन गर्नेउल्लेख छ ।

यसअघि राष्ट्रिय सभाको अध्यक्ष रहेका गणेशप्रसाद तिमिल्सनाको कार्यकाल सकिएर बिदा भएकाले अध्यक्षको निर्वाचन हुन लागेको हो ।

## आज ग्याल्पो ल्होछार, सार्वजनिक बिदा




**पाल्पा,** फागुन २७/प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्पो ल्होसार विविध कार्यक्रम आयोजना गरी आज मनाइँदैछ । नयाँ वर्षका रुपमा शेर्पा समुदायले ग्याल्पो ल्होसार मनाउन लागेका हुन् ।

भोट भाषाको दाथोक पात्रोअनुसार फागुन शुक्ल प्रतिपदाका दिनदेखि शेर्पा जातिको ल्होसार अर्थात् नयाँ वर्ष सुरु हुन्छ । यसअनुसार बाँदर वर्ष पूरा भई चरा वर्ष लाग्ने गर्दछ । शेर्पा संस्कृतिअनुसार मुसा, गोरु, बाघ, खरायो, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्ष हुन्छ, बालक जुन वर्षमा जन्मेको हुन्छ त्यसकै आधारमा उसको जीवनका धार्मिक क्रियाकलाप सञ्चालन हुन्छ । ग्याल्पो ल्होसार भोटका नवौँ राजा उदे गुड्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन शुरु गरिएको हो । यो ल्होसारलाई कसैले ग्याल्पो र कसैले ग्याल्बो उच्चारण गर्ने गरेको पाइन्छ । पुस १५ मा गुरुङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले पनि सोनाम ल्होसारका नाममा यो पर्व मनाइसकेका छन् । ग्याल्पो ल्होछारका अवसरमा आज सरकारले सार्वजनिक बिदा समेत दिएको छ ।

## उत्पादनले बजार नपाउँदा ढाका उद्यमी मर्कामा

**ढोरपाटन (बागलुङ),** फागुन २७/ बागलुङको तमानखोला गाउँपालिका-३ तमान गाउँका १५ जना उत्साहित महिला मिलेर ढाका उद्योग सञ्चालन गरे । उनीहरुले निरन्तर ढाका बुन्न थाले तर आफ्ना उत्पादनले बजार नपाउँदा अहिले निरास बनेका छन् ।

उत्पादित ढाकाले गोदाम भरिँदै गए पनि माग निकै कम हुने गरेको छ । ती सामग्री बेच्न उनीहरु कहिले बुर्तिबाङ बजार त कहिले म्याग्दीसम्म पुग्छन् । लाखौँको लगानीका सामग्री गोदाममै थन्किएका उनीहरुको गुनासो छ । तमान गाउँको कल्याण आमासमूहले सञ्चालन गरेको उद्योगमा हाल १५ जना महिला आवद्ध छन् । विसं २०७५ मा संगम परामर्श केन्द्र बागलुङले १५ दिने प्रशिक्षण दिएपछि उनीहरुले उद्योग सञ्चालन गरेका हुन् । प्रारम्भमा ४५ हजार लगानीमा सुरु गरिएको उद्योगबाट अहिले करिब सात लाखको सामग्री तयार भएका छन् । आफ्ना उत्पादनले बजार नपाउँदा आफैँले बोकेर ग्राहक



खोज्दै हिँड्नुपर्ने बाध्यता भएको समूहकी अध्यक्ष टीकादेवी बुढा घर्तीले बताइन् । उद्योगबाट ढाकाको सल, टोपी, लुङ्गी, दोसल्ला, खादालगायत सामग्री उत्पादन गर्ने गरेको उनको भनाइ छ । विगतको तुलनामा उत्पादनले बजार पाए पनि सोचेअनुसारको नहुँदा समस्या भएको घर्तीले बताइन् ।

बिहान बेलुका घरका कामधन्दा गर्ने र दिउँसोको समय निकालेर उद्योगमा काम गर्दै आएको भन्दै उत्पादनले बजार नपाउँदा दुःख लाग्ने घर्ती बताउँछिन् । उद्योगमा एक जनाले महिनाको ३५/४० हजारको सामग्री तयार गर्ने गरेको सुनाउँदै बिक्री नहुँदा एक हजार पनि कमाउन मुस्किलपर्ने उनले गुनासो गरिन् । 'फुर्सदको समयमा काम गर्छौं राम्रो बजार हुन्थ्यो भने पूरै समय दिएर काम गर्ने थियौं, तर समय निकालेर काम गर्दा पनि धेरै कपडाहरु बनाएका छौं, एक जनाले हजारौँको काम गर्छौं, तर बिक्री नहुँदा कहिले त एक हजार पनि पाउन मुस्किल छ', उनले भनिन्, 'सामानले कोठा भरिएका छन्, कहिलेकाहीँ नजिकैका ग्राहकहरु आएर सामान लैजानु हुन्छ, टाढाबाट भने आउनुहुन्न, बजार पाउन गाह्रो भएको छ ।'

समूहमा काम गर्दै आएकी जुनुमाया घर्तीमगरले सुरुमा निकै उत्साहित भएर काम गरेको भन्दै अहिले उत्पादनले बजार नपाउँदा जाँगर मर्दै गएको बताइन् । आफूहरु विस्तारै राम्रो हुँदै जानेमा आशावादी भने रहेको उनको भनाइ छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२   पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडक दुर्घटना : समस्या नै मान्दैन सरकार

सडक दुर्घटना चुनौतिका रुपमा देखापरेको छ । प्रहरीको तथ्याङ्क अनुसार विगत १ वर्षमा ४० हजारभन्दा बढी सवारीसाधन दुर्घटनामा परेको देखिन्छ, जसमा धेरै दुईपाङ्गेको बाहुल्यता छ । पछिल्लो एक वर्षमा सवारी दुर्घटनाकै कारण झण्डै २५ सय जनाको मृत्यु भएको छ भने घाइते हुनेहरुको संख्या हजारौँमा छ । दिनहुँपिच्छे ठूलो अनुपातमा मानवीय क्षति भैरहे पनि राज्यको उदासीनता भने अचम्म लाग्दो छ । हवाई दुर्घटना हुँदा सरकारले तत्काल मन्त्रिपरिषद् बैठक डाँकेर जाँचबुझ आयोग गठन गर्ने परम्परा नै स्थापित छ । तर सडक दुर्घटनाको भयानक स्वरूप देखिँदा सरकारले भने खासै ध्यान दिएको पाइँदैन । सरकारले अहिलेसम्म सडक दुर्घटनालाई समस्या नै मानेको छैन । दुर्घटनामा अकालमा ज्यान जान्छ/गइरहेको छ, राज्यले ठूलो आर्थिक क्षति बेहोरिरहेको छ भन्ने सरकार र राज्यका जिम्मेवार निकायलाई लागेकै छैन । जब सरकारले नै यसलाई समस्याका रूपमा पहिचान गर्दैन तबसम्म सुधारको आशा गर्ने ठाउँ नै रहन्न । नीति निर्माण तहमा बस्नेले सडक दुर्घटना नजिकबाट ननियाल्नु नै समस्या हो । सडक दुर्घटनामा एकाधबाहेक मर्ने त आखिर गरिब न हुन् । गरिबको दु:ख राज्यलाई के मतलब ? राज्य आफ्ना नागरिकको जीवन रक्षा गर्न र सकुशल बाँच्न पाउने अधिकार प्रत्याभूत गर्न संवेदनशील नहुनु दुखद् हो ।

आफ्ना नागरिकहरुको मृत्युमा समेत गम्भीर बन्न नसकेको राज्यले आपतविपत् पर्दा हेर्छ भन्ने विश्वास नै अहिले आमजनतामा लाग्नै छोडेको छ । सरकार र राजनीतिक दल अलिकतिमात्रै भएपनि संवेदनशीलता र सजग रहने हो भने सडक दुर्घटना कम गर्न सकिन्छ । अहिले दुर्घटनाको मूल कारक जथाभावी बनाइएका डोजरे बाटाहरू हुन् । त्यस्ता सडक निर्माणमा मूलत: यिनै सरकार र राजनीतिक दलका कार्यकर्ताहरू बढी जिम्मेवार छन् । सडकको रेखांकन र निर्माण प्राविधिक विषय भएकाले ती पक्षमा अनावश्यक हस्तक्षेप गर्नु हुँदैन भन्ने सन्देश सबै सरकार र दलका नेताले आ–आफ्ना कार्यकर्तालाई दिनु आवश्यक छ । सडकको क्षमता र अवस्था हेरेर मात्र यात्रु बोक्न दिने हो भने पनि दुर्घटना धेरै कम गर्न सकिन्छ । सरकारले यात्रुवाहक सवारीको निगरानी र नियमन गर्न पर्याप्त ट्राफिक प्रहरीमात्रै खटाउन सके पनि दुर्घटनामा कमी आउनेछ । यसर्थ सरकार र राजनीतिक नेतृत्वले खोक्रा आश्वासन, सहानुभूति र समवेदनाको प्रकट गर्न छाडेर अब दुर्घटना नियन्त्रणमा गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

सम्बन्ध मित्रता र प्रेम उसैसित राख्नु जस्ले तिम्रो हासोको पछाडी दर्द, रिसको पछाडी प्रेम र मौनता पछाडीको कारण बुझ्न सकोस् ।
*(साम्देन लामाको फेसबुक स्टाटस https://www.facebook.com/samden.lama)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्र : हात्ती आयो हात्ती आयो फुस्सा !




उत्कृष्ट साशन व्यवस्थाको रुपमा गणतान्त्रिक साशन व्यवस्थालाई लिने गरिन्छ । देशको साशन व्यवस्थाको मुख्य अंगहरुमा प्रजातान्त्रिक पद्धती र विधिद्वारा जनताको छोरो पुग्ने व्यवस्था हो यो । जुन व्यवस्था हरेक रुपमा देश र जनतामा केन्द्रीत हुने गर्दछ । त्यस व्यवस्थाका सञ्चालकहरु देश र जनतालाई केन्द्र विन्दुमा राखेर साशनको अभ्यास गर्ने गर्दछन् । हरेक पक्षबाट देश बलियो हुँदै जाने गर्दछ तर नेपालको हालसम्मको प्रवृत्तिलाई हेर्दा यी सबै कल्पनाका विषयवस्तु जस्तै बन्ने गरेको देखिन्छ । विश्लेषकहरु भन्दै छन् गणतन्त्र ल्याउनका लागि नेतृत्व गर्ने र ल्याउन साथ दिने राजनीतिक दलहरुलाई जनताबाट सहानुभूती प्राप्ती, भोटको आश र विदेशीलाई रिझाउने नाममा केहि नयाँ गर्न नसक्ने नीरीह जस्तै अवस्थामा पुगेको देखिन्छ । पार्दशीता, विधिको साशन, जवाफदेहिता, उत्तरदायित्व र राष्ट्रिय एकताका पक्षमा क्रमश: ह्रास हुँदै गएको देखिन्छ । बेथिती र राजनीतिक हस्तक्षेप बढ्दै गएको देखिन्छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

राणाकाल समयदेखि नै जब प्रजातन्त्रको बहस र आन्दोलन भयो त्यहि समय देखिनै नेपालमा गणतन्त्रको आवाज उठेको देखिन्छ । वि.स २००६ सालमा गणतन्त्र स्थापनाका लागि स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुनु यसको प्रमाण हो । आज भन्दा करीब आठ दशक अगाडि देखिनै नेपालमा यसको बहस भएको देखिन्छ । प्रजातन्त्र प्राप्ति पछिका राजाहरुले कहिले काहि राजनीतिक दल प्रतिकुल व्यवहार गर्दा यो शब्दले प्राथमिकता पाउने गरेको देखिन्छ । माओवादीले वि.स २०५२ सालदेखि चलाएको सशस्त्र जनयुद्व, वि.स २०५८ को राजा विरेन्द्रको बंश नाश गर्ने किसिमको दरवार हत्याकाण्ड, राजा ज्ञानेन्द्रको दल विरोधी कदम र वि.स २०६२/०६३ को जनआन्दोलनको परिणाम स्वरुप नेपालमा गणतन्त्र विधिवद्ध रुपमा स्थापित भएको कुरामा दुई मत नरहला । यसका लागि तत्कालिन माओवादीको मात्रै हातदेखिदैन् । उत्तिकै महत्व देखिन्छ अरु राजनीतिक दलहरुको पनि । तत्कालीन सशस्त्र युद्धमा रहेको माओवादी, राजनीतिक दलहरु र जनताको उत्तिकै भूमिका देखिन्छ गणतन्त्रका लागि । उत्कृष्ट मानिएको गणतन्त्र साशन व्यवस्था अभ्यासको छोटो समयमै यसबाट जनतामा आशा हैन निराशा बढ्दै गएको देखिन्छ ।

***निराशा उत्पन्न हुनुका केहि पक्षहरुमा :***

**पहिले जस्तै सिमित वर्गनै लाभान्वित :**

भोका नाङा, सिमान्तकृत वर्गहरु, पछाडी पारिएका जनताहरु, देशको दुर्गम स्थानमा बस्ने जनताहरु प्राथमिकतामा पर्नुपर्ने गणतान्त्रिक साशन व्यवस्थामा सिमित वर्गले देशको स्रोत साधनबाट लाभलिने सट्टा केहि सिमित वर्ग र समूहले यो लाभ लिएको देखिन्छ तर यो दरमा कमी हुनुको सट्टा झनै बढ्दै गएको छ । समानुपातिक र न्याय संगत वितरणको कुरा चर्का भाषणमा मात्रै सिमित रहेको देखिन्छ । केहि नेता, मन्त्री, सरकार सञ्चालकका आसेपासे, डन, कार्यकर्ता, ठेकेदार, आफन्त, आसे-पासे, धुपौरे र चम्चेहरुनै रमाउने र त्यही वर्गले हरेक स्थानमा प्रभाव पार्ने गरेको देखिन्छ । यसले गणतान्त्रिक साशन व्यवस्था माथि जनताले जुन अपेक्षा र सोच राखेका थिए त्यसलाई निराशामा रुपान्तरण गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

**सरकार परिवर्तन दर र राजनीतिक अस्थिरता उस्तै :**

हरेक साशन व्यवस्था र सरकारबाट जनताले राख्ने अपेक्षा र चाहना हो । निर्वाचित सरकारले पुरा समय साशन सञ्चालन गरोस्, सरकारका हरेक क्रियाकलापहरु, छलफलहरुमा देश र जनता केन्द्रमा परुन् । तर उत्कृष्ट साशन व्यवस्था मानिने गणतन्त्रमा यो दर झनै बढ्दै गएको देखिन्छ । राजनीतिमा नैतिकता र संस्कार विस्तारै ह्रास हुँदै गएको छ । राजनीतिक दलहरु सत्ता प्राप्ति र आफ्नो स्वार्थ पूरा गर्नको लागि जस्तो सुकै हर्कत गर्न पनि पछि नपर्ने अवस्थामा पुगेका छन् । सरकारमा जानु पार्टीलाई पैसा जम्मा गर्नु र आगामी चुनावका लागि तयारी थाल्नु रहेको देखिन्छ । यहि मुख्य कारण राजनीतिक बेथिती र सरकार परिवर्तनको दर झनै बढेको छ । यही अवस्था रहयो भने सबै सासद मन्त्री, सबै मन्त्री प्रधानमन्त्री हुने हुन की भन्ने अवस्था सिर्जना भएको देखिन्छ ।

**आर्थिक खराबीमा वृद्धि र बजेटको दुरुपयोग :**

देश बलियो बनाउने एउटै आधार हो बलियो अर्थतन्त्र तर गणतान्त्रिक साशन व्यवस्थाको करिब दुई दशकको अवधिमा अर्थतन्त्र झनै दयनिय अवस्थामा पुगेको देखिन्छ । संघीयता अर्न्तगत प्रदेश र स्थानीय तहको संरचनाको निर्माणसँगै जनताले हरेक क्षेत्रमा करको दर भारी मात्रामा तिर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ । यहि कारण जनताको दैनिकी कष्टकर बन्दै गएको देखिन्छ । आम्दानी खर्च गरेर आधारभूत आवश्यकता पूरा गर्ने अवस्थामा सर्वसाधारण देखिदैनन् । अर्थतन्त्रका हरेक सुचकको अवस्था सुधारउन्मूख देखिदैन् । राजनीति र सरकार सफलताको रुपमा अर्थतन्त्रका सुचकहरुको ब्याख्या गर्ने अवस्था देखिन्छ । खर्च अत्याधिक बढ्दै गईरहेको छ तर आम्दानीका थप स्रोतको खोजिमा सरकारहरुको ध्यान गएको देखिदैन् । जनतामा करको दर थप्नु बाहेक अरु स्रोत देख्दैनन् सरकार सञ्चालकहरु । वैदेशिक ऋणको दर झनै बढ्दै गएको देखिन्छ । यो अवस्था २४ खर्वको हाराहारी पुग्न लागेको देखिन्छ । सरकारको आम्दानीको ठूलो स्रोत साँवा ब्याज भुक्तानीमा छुट्याउनु परेको छ । देश ऋण ग्रहस्थाको अवस्थामा पुगेको छ । देशको अर्थतन्त्र, समानुपातिक, प्राथमिकताका क्षेत्रका आधारमा बजेट बन्दैन आजभोली रातारात करका शिर्षक, बजेटका शिर्षकमा परिवर्तन हुने गर्दछ । केहि सिमित वर्ग र मुठीभरका समूहले बजेटबाट लाभ लिईरहेको देखिन्छ । अर्थतन्त्र जे सुकै होस् जनतालाई क्षणिक प्रभाव पार्ने कार्यक्रमहरु बजेटमा समावेश गर्ने गरेको पाइन्छ । आवश्यकता र औचित्यका आधारमा हैन, सस्तो लोकप्रियताका आधारमा बजेट बनाउने प्रवृत्ति बढ्दै गएको देखिन्छ । पूर्व र वर्तमानकाहरुका लागि सुविधाहरु थपिदै गईरहेको देखिन्छ । बजेट जनताका लागि की सिमित वर्ग रमाउनका लागि दुरुपयोग गर्ने ? प्रश्न उत्पन्न भएको छ । समग्रमा यस स्थितिले आर्थिक खराबी बढाउदै लगेको देखिन्छ ।

**धर्म, जाती र क्षेत्रीय साम्प्रदायिकतामा खलबल :**

बीना मियोको दाहि जस्तो बनेको नेपालको गणतान्त्रिक साशन व्यवस्थामा जातजाती, भाषा, धर्म, संस्कृती बिचको भाईचारा र एकता साथै क्षेत्रिय संन्तुलन माथी समस्या उत्पन्न हुन थालेको छ । राष्ट्रिय एकता भड्काउने अभिव्यक्ति सरकार सञ्चालक दलबाट नै भएको देखिन्छ । यसलाई व्यवस्थित र नियन्त्रण गर्ने कुरामा सरकारहरु निरिह जस्तै देखिन्छन् । धर्म निरिपेक्षताको गलत व्याख्या भै रहेको छ । खुलेआम धर्मको किनबेच भै रहेको छ । सरकारकै मन्त्री धार्मिक सद्भाव भड्काउने अभिव्यक्ति दिएको देखिन्छ तर सरकार मौन देखिन्छ । हिमाल, पहाड र तराई बिचको विगतको एकता र भाईचाराको अन्त्य भएको छ । प्रदेश प्रदेशबीच, स्थानीय तह स्थानीय तह बीच दुरी बढ्दै गई रहेको छ । यसले निम्त्याएको छ गणतन्त्र माथि निराशा ।

**नाम मात्रैको विकेन्द्रीत साशन :**

केन्द्रीकृत साशन व्यवस्थाको कारण विकास र जनताको जीवनस्तरमा सुधार नभएको अनुभूती गरेका गणतन्त्रवादीहरुले देशलाई संघीय साशन व्यवस्थासँगै विकेन्द्रीत साशनमा रुपान्तरण गरेता पनि साशकहरुको सोच र व्यवहारमा परिवर्तन नहुँदा, पद र सत्ताको लोभमा भुल्दा यसले मूर्तरुप लिन सकेको देखिदैन । एकातिर आवश्यक ऐन नियमको अभावमा यसले मूर्तरुप लिन सकेको देखिदैन् भने अर्को तिर केहि शक्ति समूह र गुटको उद्देश्य परिपूर्तीमा केन्द्रीत हुँदा यो सम्भव हुन सकेको देखिदैन् । अझै पनि स-साना कामका लागि संघीय सरकारको राजधानी काठमाडौ धाउनु पर्ने अवस्था उस्तै छ । प्रदेश र स्थानीय तहका केन्द्र सिमित वर्गको स्वार्थको कारण सबै जनताको पायक पर्ने स्थानमा निर्धारण गरेको देखिदैन् । गणतन्त्र, संघीयता र विकेन्द्रीत साशन व्यवस्थामा जनताको दु:ख उस्तै देखिन्छ । यसले गणतन्त्र माथि निराशा उत्पन्न गराएको देखिन्छ ।

**सार्वभौमिकता माथि ठाडो हस्तक्षेप :**

जुनदिनदेखि राजनीतिक दलहरुले यो देशको साशन व्यवस्थामा हाबी हुन् थाले त्यहि समयदेखि देशको आन्तरिक मामिला र सार्वभौमिकता माथि विदेशीको हस्तक्षेप तीव्ररुपमा बढ्दै गएको देखिन्छ भने जनताको शाशन व्यबस्था मानिने गणतन्त्रमा यो पक्ष र दर झनै बढ्दै गएको देखिन्छ । विदेशीले आन्तरिक मामीलामा ठाडो हस्तक्षेप गरेको देखिन्छ । राजनीतिक दलहरु फुटबलको बल जस्तै बनेका छन्, जसले जता हान्यो तेतै हानीने । सरकार निर्माणदेखि आवश्यक ऐन नियमको निर्माण तथा मन्त्रिपरिषदको निर्णयमा पनि यसले प्रभाव पार्ने गरेको देखिन्छ । गणतन्त्रका सरकारहरु नीरीह बनेका छन् भने सत्ताका लागि विदेशी सामेत जस्तो सुकै निर्णय र सम्झौता गर्न पछि नपर्ने अवस्थामा पुगेका छन् । जसको कारण जनतामा निराशा बढ्दै गएको देखिन्छ ।

**अत्याधिक राजनीतिकरण :**

हरेक संस्था, निकाय, संवैधानिक अंग लगायत हरेक पक्ष र क्षेत्रमा भागवण्डा र राजनीतिक हस्तक्षेप बढ्दै गईरहेको छ । राज्यका प्रमुख अंगमा गरिएको राजनीतिक हस्तक्षेपले ती निकायहरु काम गर्न नै नसक्ने अवस्थामा पुगेको देखिन्छ । विशेष गरेर न्याय दिने अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय शर्तकता केन्द्र,सम्पति शुद्धिकरण निकायमा यो प्रभाव देखिएको छ । यसका साथै कर्मचारीतन्त्र माथि ठाडो राजनीतिक हस्तक्षेप बढ्दै गएको छ, यहि कारण उनीहरु काम गर्न नै नसक्ने अवस्थामा पुगेका छन् । राजनीतिक नेतृत्वले भनेको काम गर्नका लागि ऐन नियम भन्दा माथि उठेर काम गर्न बाध्य भएका देखिन्छन् । संवैधानिक अंगहरु काम गर्न नै नसक्ने अवस्थामा पुगेका छन् । राज्यका सुरक्षा निकायहरुमा ठाडो हस्तक्षेप बढ्दै गएको छ । जसको कारण ती निकायको एकतामा ह्रास आएको देखिन्छ ।

**अब के गर्ने त ?**

गणतन्त्रलाई आलोचना र बेथितिमाबाट मुक्त गराई स्थायी साशन व्यवस्थाको रुपमा अगाडि बढाउनु छ भने तत्काल व्यवस्था सफल पार्नका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाएर अगाडि बढ्नु पर्ने देखिन्छ ।

- आर्थिक रुपमा देशलाई बलियो बनाउने तर्फ केन्द्रीत हुने ।
- हचुवा र आदेशका आधारमा वजेट खर्च बढाउँदै लाने प्रवृत्तीको अन्त्य गर्ने ।
- प्रदेशहरुलाई आर्थिक रुपमा सक्षम बनाउनेतर्फ केन्द्रीत हुने ।
- राजनीतिक स्थायित्व र स्थिर सरकार कायम गर्ने ।
- हरेक पक्षबाट राष्ट्रिय एकता कायम राख्ने ।
- वैदेशिक हस्तक्षेप नियन्त्रण र सार्वभौमिकता कायम गर्ने ।
- सुशासन,पार्दशिता, जवाफदेहिता र विधिको साशन स्थापित गर्ने ।
- राष्ट्रिय एकता कायम गर्ने ।
- समानुपातिक र समावेशी विकासलाई मुर्तरुप दिने ।
- राजनीतक नेतृत्व गुट र व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश र जनतालाई केन्द्र विन्दुमा राख्ने ।

**निष्कर्ष :**

गणतन्त्रको विकल्प गणतन्त्र नै हो यसमा दुईमत नरहला । काम गर्न नजान्ने, सरकार सञ्चालन गर्न नसकने, गुटको स्वार्थमा आफुलाई उभ्याउने अनि व्यवस्था र अर्कोलाई दोष दिएर उम्किने छुट गणतन्त्रका सरकार सञ्चालकलाई छैन् । यसलाई हुर्काउने र बलियो बनाउने दायित्व पनि तीनीहरु मै देखिन्छ । यसका लागि राजनीतिक दलका नेतृत्वले आफ्नो कार्य शैली र व्यवहारमा समय अनुसार रुपान्तरण गर्नु जरुरी देखिन्छ । यति ठूलो त्याग र संघर्षबाट प्राप्त गणतन्त्रलाई हात्ती आयो हात्ती आयो फुस्सा बनाउने की ? लोकप्रिय । तीनै राजनीतिक दल र नेतृत्वको हातमा ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस क्वेदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक कारोवारमा मन्दी आउने छ । मनमा दुविधा उत्पन्न होला । | **तुला** : रमणीय र सुखद् यात्राको हुने छ । धार्मिक यात्राको योगछ । |
| **वृष** : कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । | **वृश्चिक** : साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ । |
| **मिथुन** : रमणीय र सुखद यात्राको योग छ । दैनिक कार्यमा प्रगति हुनेछ । | **धनु** : विद्या र बुद्धिको विकास हुने छ । पारिवारिक भेटघाटमा रमाइनेछ । |
| **कर्कट** : कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोवारमा विवाद आउला । | **मकर** : काम दोहोऱ्याएर गर्दा फाइदा हुनेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **सिंह** : कुनै कुराले मनमा प्रसन्नता छाउने छ । मन अध्यात्मतर्फ आकर्षित बन्नेछ । | **कुम्भ** : मित्रबाट विशेष सहयोग मिल्ने छ । परिवारहरूसित भेटघाट हुनेछ । |
| **कन्या** : मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ । | **मीन** : नयाँ सामान खरीद गरीनेछ, तर स्वास्थ्यको विशेष ख्याल गर्नुहोला । |

# शिक्षा

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई अनुदान



सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ । उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिकरुपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन् । आर्थिकरुपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाई छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ ।

उच्च शिक्षामा राम्रो विषय लिएर पढ्ने विद्यार्थीको संख्या न्यून हुँदै जाँदा मुलुकमा मात्र हैन पालिकामा पनि आवश्यक दक्ष जनशक्तिको अभाव भएपछि अनुदान नै दिएर पढाउन थालिएको हो । दक्ष जनशक्तिको उत्पादनका लागि उच्च शिक्षासम्म पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । गाउँपालिकाले उच्च मावि र स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिने भएको हो । उच्च माविमा गणित, विज्ञान तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरुप वार्षिक रू ५० हजार उपलब्ध गराइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले जानकारी दिए । उनका अनुसार यस वर्ष विपन्न तथा जेहेन्दार छ जना विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइनेछ । विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुर्‍याउनका लागि मेडिकल, इन्जिनियरिङ, कृषि र भेटेरीनरी विषयमा स्नातक तह अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने पराजुलीले बताए । "यस्ता विद्यार्थीलाई वार्षिक रू एक लाख अनुदान उपलब्ध गराइने छ । जतिसुकै संख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिने छौँ", उनले भने । आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षा लिनबाट वञ्चित नहोउन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए । उनका अनुसार गाउँपालिकाले गत आइतबार सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ । अहिले पनि गाउँपालिकामा कृषि, पशु, स्वास्थ्य सम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको भन्दै यी विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक रू एक एक लाखका दरले चार वर्षसम्म अनुदान दिइने अध्यक्ष भुसालले जानकारी दिए । पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको भन्दै पटकपटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न नसकिएको अध्यक्ष भुसालको भनाइ छ । "पालिकाभित्रबाट उच्च शिक्षा पढ्ने विद्यार्थीलाई चार वर्षसम्म सहयोग गर्नेछौँ । उक्त कार्यक्रम दक्ष जनशक्ति उत्पादन गर्न लागू गरिएको हो", उनले भने । उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको गाउँपालिकाका अध्यक्ष भुसालले बताए । यस्तो अनुदानले विद्यार्थीलाई मासिक शुल्क भुक्तानी र स्टेशनरी खरिद लगायतमा सहजता हुने अपेक्षा पालिकाको छ । पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ । पालिकाका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पनि पठनपाठन थालिएसँगै विद्यार्थीको संख्या बढ्दै गएको छ । जिल्लाका सात पालिकामध्ये निजी विद्यालय नभएको महाशिला मात्रै रहेको अध्यक्ष भुसालले बताए । -रासस

# विद्यालय परिसरमै च्याउ र तरकारी खेती



विद्यालय परिसरमा नै च्याउ र तरकारीखेती गरेर म्याग्दीको मंगला गाउँपालिका-२ बाबियाचौर र मालिका गाउँपालिका-७ बिमका विद्यार्थीले पढाइसँगै पैसा पनि कमाएका छन् । पश्चिम म्याग्दीको मंगला -२ स्थित मंगला माध्यमिक विद्यालय र मालिका -७ बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयमा प्राविधिक धारअन्तर्गत बाली विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीले तरकारी, फलफूल र च्याउ उत्पादन गरी बिक्री गरेर आम्दानी गर्न थालेका हुन् ।

मंगला माध्यमिक विद्यालयमा प्राविधिक धार कक्षा (९-१२)मा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थी कक्षाकोठाबाहेक खेतबारीमा समेत पुगेर च्याउ उत्पादन गरी बाबियाचौरमा बिक्री गर्दै आएका विद्यालयका प्रधानाध्यापक गमबहादुर खत्रीले जानकारी दिए । बजारमा विद्यार्थीले उत्पादन गरेको च्याउलाई विद्यार्थी च्याउले चिनिने गरेको छ । विद्यालयले प्राविधिक धारका विद्यार्थीलाई प्रयोगात्मक अभ्यासका लागि जग्गा भाडामा लिएर च्याउखेती सुरु गरेको छ । प्रधानाध्यापक खत्रीका अनुसार विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा प्रतिकेजी रु एक सय २५ मा बिक्री वितरण हुँदै आएको छ । "विद्यार्थीले उत्पादन गरेको च्याउ अहिले बाबियाचौर बजारमै खपत हुने गरेको छ, विद्यार्थीलाई आवश्यक पर्ने कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौं, विद्यार्थीले लगाएको च्याउको बजार खोज्नसमेत सघाउँछौं", उनले भने । विद्यालयमा आधुनिक कृषि प्रणाली र उत्पादनका बारेमा सिकेको ज्ञान परम्परागत खेती गर्दै आएका अभिभावकलाई समेत सिकाउने गरेको प्रअ खत्रीको भनाइ छ । माघदेखि च्याउ उत्पादनमा लागेका विद्यार्थीले फागुनको पहिलो सातादेखि बिक्री गर्न थालेका छन् । बाली विज्ञान अध्ययनरत ४४ जना विद्यार्थीले सामूहिकरूपमा च्याउखेती गरेका छन् । विद्यार्थीको समय कक्षाकोठा र खेतबारीमा धेरै बित्ने गरेको छ । गाउँमै बाली विज्ञान पढ्न पाएकामा विद्यार्थी खुसी छन् । एक महिनामै उत्पादन गरी बजारमा लैजान सकिने र थोरै लगानीमा प्रशस्तै आम्दानी गर्न सकिने भएकाले च्याउखेतीका लागि समुदायलाई समेत सन्देश प्रवाह गरेको विद्यार्थी दिपेश थापाले बताए । आइतबारसम्म बारीबाटै १७ केजीभन्दा बढी च्याउ बिक्री गरिएको उनको भनाइ छ । विद्यालय उमेरमै पाठ्यपुस्तकसँगै व्यवहारिक ज्ञानसमेत आर्जन गर्न पाएकामा भविष्यमा प्राविधिक विषय पढेपछि बेरोजगार हुन पर्दैन भन्नेमा विश्वस्त रहेको विद्यार्थी बताउँछन् । नेपाल सरकारको नमूना विद्यालय मंगला माविले भाडामा लिएको दुई रोपनी जग्गामा यहाँ अध्ययनरत विद्यार्थीले च्याउ, बेमौसमी तरकारी, टमाटर, प्याजको बीउलगायतका उपज फलाउने गरेका छन् । विद्यालयमा विसं २०७६ मा नेपाल सरकारबाट कृषि विज्ञान सञ्चालनको अनुमति पाई नियमित पढाइ भइरहेको छ । उक्त धारमा प्रयोगशाला सहायक सहित नौजना दरबन्दी छ । -रासस

# बच्चालाई तँ र तिमी पनि सिकाऔं

डा.अरुणा उप्रेती



एउटा निजी स्कुलमा एक कार्यक्रममा मलाई स्वास्थ्यसम्बन्धी छलफल गर्न बोलाइएको थियो । स्कुल जाँदा शिक्षकले विद्यार्थीलाई भनेको सुनें, 'हजुरले के भनिबक्सेको, भनिस्योस् न ।' त्यो वाक्यांश सुनेपछि मैले ठानें, शिक्षकले विद्यार्थीसँग जिस्केको होला अथवा विद्यार्थीले केही गल्ती गरेपछि रिसाएर त्यसरी 'भनिस्योस् न' भनेको होला । तर पछि थाहा भयो कि सबै शिक्षकले विद्यार्थीसँग त्यसैगरी बोल्दा रहेछन् । मैले उनीहरुसँग तपाईहरुले किन विद्यार्थीलाई तपाई, हजुर भनेको भनेर सोध्दा उनीहरुले जवाफ दिए, 'हामीलाई आजकल त्यसैगरी बोल्नू भनिएको छ ।' यस्तो निर्देशन कसले दियो भन्ने जिज्ञासा राख्दा उनीहरुले पाठ्यपुस्तक र तालिमहरुको उदाहरण दिए । पाठ्यपुस्तकमा प्रश्नको उत्तर दिनुहोस्, खाली ठाउँ भर्नुहोस् भनेर लेखिएको छ । अनि तालिम गर्दा पनि विद्यार्थीहरुलाई तपाई भन्नुहोस् भनेर सिकाइन्छ भन्ने उनीहरुको कुरा थियो ।

त्यो निजी स्कुल थियो त्यसैले विद्यार्थीलाई बढी आदर गरेको होला भन्ठानें । पछि पहाडी जिल्लाका केही सरकारी स्कुलमा जाँदा पनि सानासाना विद्यार्थीलाई पनि शिक्षकहरुले हजुर/तपाईंसम्बोधन गरेको सुनेपछि त उदेक नै लाग्यो । हुँदा हुँदा कति बाबुआमाले समेत छोराछोरीलाई हजुर सम्बोधन गरेको सुनें । साना नानीलाई, विद्यार्थीलाई तपाई भन्ने चलन कसरी आयो होला भनेर मैले धेरै शिक्षकहरुसँग सोधें । केही सरकारी स्कुलका शिक्षकले भने, 'हामीलाई तालिम दिदा नै विद्यार्थीलाई आदर गरेर बोल्नुपर्छ भनेर सिकाइन्छ । अनि विद्यार्थीले पनि सिक्छन् रे । अब त बानी नै परिसक्यो विद्यार्थीलाई तपाई भन्ने । अनि विद्यार्थीले तिमी, तँ भन्न कहिले सिक्छन् त भन्ने प्रश्न गर्दा त्यस्ता शब्द किन सिक्नुपर्‍यो ? सबैलाई आदर गरेर तपाई नै भने भइहाल्यो नि भन्ने उत्तर अयो । उनीहरुले त्यसो भनेपछि मैले आफ्नो स्कुल पढ्दाको समय सम्झिएँ । हामी स्कुलका नजिकका साथीलाई तँ भन्छौं, तिमी भन्छौं । त्यो सम्बोधन जीवनभर रहन्छ । ४० वर्षअघि स्कुलमा सँगै पढेका केही साथीलाई अहिले पनि तँ भन्छु, कलेज पढ्ने साथीलाई चाहिँ तिमी भन्छु । तिनीहरूमध्ये कुनै औपचारिक मञ्चमा सँगै बस्दा मात्र 'तपाईं' भन्छु, मञ्चबाट ओर्लने बित्तिकै तिमी भन्छु । यसरी शिक्षकले विद्यार्थीलाई तपाई भन्दैमा आदर गरेको बुझिन्छ र ? यसो गर्दा त हाम्रो भाषाको सुन्दरता नै जान्छ । अंग्रेजीमा एउटै मात्र तिमी सम्बोधन छ भन्दैमा नेपालीमा त्यसै गर्नु उपयुक्त होला र ? म पछिल्लो ३ महिनामा तराई र पहाडका गरेर ४०-४५ स्कुलमा गएँ । तराईको, सुदूर पश्चिमका केही स्कुलहरुमा चाहिँ शिक्षकहरुले विद्यार्थीलाई प्राय तिमी नै भनेर सम्बोधन गरेको सुनें त तर पहाडका, काठमाडौंका स्कुलमा भने तपाई थोरै सुनें । त्यसरी हरेक स्कुलमा जाँदा मैले शिक्षकहरुलाई सोधें, 'के तपाईहरू आफ्ना छोरा छोरीलाई पनि तपाई भन्नुहुन्छ ?' उनीहरुले उत्तर दिए, होइन उनीहरूलाई तिमी भन्छौं । बदमासी गरे भने गाली गर्दा चाहिँ तँ भन्छौं ।

> साना नानीलाई, विद्यार्थीलाई तपाई भन्ने चलन कसरी आयो होला भनेर मैले धेरै शिक्षकहरुसँग सोधे । केही सरकारी स्कुलका शिक्षकले भने, 'हामीलाई तालिम दिदा नै विद्यार्थीलाई आदर गरेर बोल्नुपर्छ भनेर सिकाइन्छ । अनि विद्यार्थीले पनि सिक्छन् रे । अब त बानी नै परिसक्यो विद्यार्थीलाई तपाई भन्ने । अनि विद्यार्थीले तिमी, तँ भन्न कहिले सिक्छन् त भन्ने प्रश्न गर्दा त्यस्ता शब्द किन सिक्नुपर्‍यो ? सबैलाई आदर गरेर तपाई नै भने भइहाल्यो नि भन्ने उत्तर अयो । उनीहरुले त्यसो भनेपछि मैले आफ्नो स्कुल पढ्दाको समय सम्झिएँ । हामी स्कुलका नजिकका साथीलाई तँ भन्छौं, तिमी भन्छौं । त्यो सम्बोधन जीवनभर रहन्छ । ४० वर्षअघि स्कुलमा सँगै पढेका केही साथीलाई अहिले पनि तँ भन्छु, कलेज पढ्ने साथीलाई चाहिँ तिमी भन्छु । तिनीहरूमध्ये कुनै औपचारिक मञ्चमा सँगै बस्दा मात्र 'तपाई' भन्छु, मञ्चबाट ओर्लने बित्तिकै तिमी भन्छु । यसरी शिक्षकले विद्यार्थीलाई तपाई भन्दैमा आदर गरेको बुझिन्छ र ? यसो गर्दा त हाम्रो भाषाको सुन्दरता नै जान्छ । अंग्रेजीमा एउटै मात्र तिमी सम्बोधन छ भन्दैमा नेपालीमा त्यसै गर्नु उपयुक्त होला र ? म पछिल्लो ३ महिनामा तराई र पहाडका गरेर ४०-४५ स्कुलमा गएँ । तराईको, सुदूर पश्चिमका केही स्कुलहरुमा चाहिँ शिक्षकहरुले विद्यार्थीलाई प्राय तिमी नै भनेर सम्बोधन गरेको सुनें त तर पहाडका, काठमाडौंका स्कुलमा भने तपाई थोरै सुनें ।

मैले मेरी छोरीहरूलाई केही बदमासी गर्दा तपाई भन्थें । मैले तपाई भने पछि छोरीहरूले बुझ्थे कि केही गल्ती भएको छ । ३०-४० वर्षअघि हाम्रा स्कुल, कलेजका शिक्षकले हामीलाई तिमी नै भन्थे । अहिले विद्यार्थीलाई तपाई भन्दैमा उनीहरूको मान बढ्ने होइन, 'तिमी' भनेर राम्रो सँग व्यवहार गर्दा उनीहरूको सम्मान हुन्छ भन्ने कुरा कसले सिकाउला ? कति बाबुआमाले आफ्ना सन्तानलाई, भतिजा, भतिजीलाई 'तँ' भनेर सम्बोधन गर्छन् । साथी, ठूलालाई तपाई भन्छन् । त्यसो गर्दा बालबालिकाले कसलाई तपाई, कसलाई तिमी, कसलाई तँ भन्ने कुरा सिक्छन् ।

तँ भन्ने शब्द पहिले आफू भन्दा कमजोर दासदासीहरूलाई, दलितहरूलाई प्रयोग गरिन्थ्यो, सायद त्यसैले यो शब्द अपमानसँग गाँसियो होला । स्कुलमा पनि पहिले पहिले शिक्षकहरूले विद्यार्थीहरू, विशेष गरी दलित समुदायका विद्यार्थीलाई 'तँ' भनेर सम्बोधन गर्थे । तर समाजमा आएको परिवर्तन सँगै, विद्यार्थीलाई अपमानित गर्नु हुँदैन, पिट्नु हुँदैन भन्ने भावना विकसित हुँदै आयो । सायद अपमानजनक शब्द प्रयोग नगर्ने भनेर छलफल भयो होला । तँ, तिमी पनि प्रयोग नगर्ने सबैलाई आदर गरेर बोल्नुपर्छ भनेर आवाज उठेपछि लौ त तपाई भन्ने गरी तालिम दिइयो । तर विद्यार्थीलाई तपाई भन्नुपर्छ किनभने शिक्षकले जे भन्यो, विद्यार्थीले त्यही सिक्छन् भन्ने अर्थ लगाइयो । भर्खर स्कुल जान थालेका ४-५ वर्षका नानीलाई पनि शिक्षकले तपाई भने । हिन्दी भाषामा पनि तु, तुम र आप जस्ता आदरार्थी शब्दहरु छन् । भारतका स्कुलमा शिक्षकले स्कुलका विद्यार्थीलाई 'तुम' अर्थात 'तिमी' भन्छन् । अंग्रेजी स्कुलमा त 'यु' भनेपछि मिलिहाल्छ । आफ्नो भाषालाई समृद्ध बनाउनुको साटो सबैलाई तपाई सम्बोधन गर्दा विद्यार्थीलाई मान गरेको बुझ्ने ठान्नु ठीक होइन । त्यसै गर्ने हो भने त भविष्यमा 'तँ' र 'तिमी' जस्ता शब्द त शब्दकोषमा मात्र भेटिन सक्छ ।

-अनलाइन खबर डटकम

# सुन तोलाको एक लाख २६ हजार पुग्यो



**पाल्पा,** फागुन २७/पछिल्लो समय बजारमा सुनको मूल्य निरन्तर बढिरहेको छ । स्थानीय बजारमा सुनको मूल्य बढेर आइतबार नयाँ रेकर्ड बनाएको छ । सो दिन छापावाल सुनको मूल्य प्रतितोला १ लाख २६ हजार तोकिएको छ ।

अघिल्लो दिन प्रतितोला एक लाख २५ हजारमा कारोबार भएको सुन आइतबार प्रतितोला एक हजारले बढेर नयाँ उचाइमा पुगेको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको मूल्य प्रतितोला एक लाख २५ हजार चार सय तोकिएको छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला एक लाख २४ हजार चार सय थियो । त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला पाँचले बढेर एक हजार चार सय ७५ तोकिएको महासंघले जनाएको छ । यसअघि गत पुस १२ गते प्रतितोला एक लाख २२ हजार रुपैयाँको उच्चदरमा छापावाल सुन कारोबार भएको थियो । त्यसपछि केही समय सामान्य रही यही फागुन २ गते एक लाख १६ हजार पाँच सयसम्म आएको सुनको मूल्य त्यसयता उतारचढाव हुँदै हालसम्मकै उच्च बनेको हो । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा हाल सुन प्रति औंस दुई हजार एक सय ७८ डलर आसपास कारोबार भइरहेको छ ।

# चिर्तुङ्गधारामा ओम शान्ति ज्ञान मन्दिरको शिलान्यास



**पाल्पा,** फागुन २७/जिल्लाको बगनासकाली-१, चिर्तुङ्गधारा स्थित हिराबारीमा ओम शान्ति ज्ञान मन्दिरको शिलान्यास गरिएको छ । ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय पाल्पाले ज्ञान मन्दिर भवनको शिलान्यास गरेको हो ।

लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले भवनको शिलान्यास गरेका हुन् । भवनको शिलान्यास गर्दै सांसद रानाले योग, ध्यान अहिलेको आवश्यकता रहेकाले मन्दिर निर्माणले सार्थकता पाउनु पर्ने बताए । उनले समाज विकासका पक्षमा साँझा संकल्प आवश्यक रहेको समेत धारणा व्यक्त गरे । प्रमुख अतिथि समेत रहेका रानाले राजयोग, साधना र दिव्य प्रवचनसहितका कार्यक्रमले मानवीय मूल्य मान्यताको विकास गरी सकरात्मक संकल्प र कर्मबाट खराब आचरण त्याग्न सकिने बताए । कार्यक्रमका संयोजक तथा ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय पाल्पा क्षेत्रका सचिव ब्रह्मकुमार भानुप्रकाश पौडेलले प्रवचन हल, आधारभूत पूर्वाधारसहित ५ करोडको लागत अनुमानमा भवन निर्माणको संकल्प रहेकाले भवन निर्माण सहजताको लागि स्थानीयको सहजीकरण आवश्यक हुने बताए । उनले समाजमा सकरात्मक सोच, तनाव व्यवस्थापन र ईश्वरीय ज्ञान प्रवाह गर्न र वृहत्त कार्यक्रमसहित पाल्पाको पर्यटकीय विकासमा समेत पूर्वाधार निर्माणले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव हरि बस्याल, इतिहासविद् निर्मल श्रेष्ठ, सामाजिक अभियन्ता शुकदेव खनाल, भैरहवा शाखाका ब्रह्मकुमार भुवन, बह्मकुमारी कमला लगायतले विचारको शुद्धिकरणले मन शुद्धिकरण हुने भन्दै जीवन सहज र सार्थक बनाउन ईश्वरीय ज्ञान आवश्यक हुनेमा जोड दिए । कार्यक्रममा ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय भैरहवा, रामपुर, मदनपोखरा, गुल्मी, रुपन्देही लगायतका क्षेत्रबाट उल्लेख्य सहभागिता रहेको थियो ।

स्थानीय रामप्रसाद ढुङ्गाना, शम्भु ढुङ्गानासहित चारजना ढुङ्गाना परिवारले ५ रोपनी जग्गा भवन निर्माणको लागि दिएका थिए । समारोहमा जग्गा प्रदान गर्ने दाताहरूलाई अभिनन्दन, स्नेह मिलन, प्रवचन कार्यक्रम समेत गरिएको थियो । ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय पाल्पा क्षेत्रकी सञ्चालिका प्रेमा दिदीको अध्यक्षता, रामपुर शाखाकी सञ्चालिका ब्रह्माकुमारी सरस्वतीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# उत्पादनले बजार नपाउँदा...

...समय-समयमा गाउँपालिकाले प्रयोजनका लागि खरिद गरेर प्रोहोत्सान गरे पनि बजारीकरणका लागि पहल हुन नसकेको उनले बताइन् । सरकारले बजारीकरणको व्यवस्थापन गरिदिए अझै धेरै महिलाले यसबाट स्वरोजगार हुने उनी बताउँछिन् । मगरले भनिन्, ‘गाउँमा घुम्न आउनेले राम्रो लागेर टोपी, लुङ्गी, खादा र दोसल्ला किनेर लैजानुहुन्छ तर सोचेअनुसार बिक्री भएको छैन । समय मिलाएर हामी बजारमा पुग्छौँ, गाउँमा जान्छौँ, मेलापर्वमा अलिअलि बिक्री हुन्छ, बजारको मात्रै समस्या छ, अरु सबै हामीले मिलाएका छौँ ।’ तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले महिला उद्यमीलाई मेशिन लगायत अन्य सहयोग गरिएको भन्दै बजारीकरणका लागि पहल थालेको बताए । समय-समयमा महिला उद्यमीहरुलाई प्रोत्साहन गर्दै आएको भन्दै उनले गाउँदेखि सहरसम्म आयातीत सामानको बढ्दो प्रयोगले स्थानीयस्तरमा उत्पादित वस्तुले बजार नपाएको बताए । उद्यमीलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्ने उनी बताउँछन् । ‘पालिकाकोतर्फबाट सुरुमा मेशिन सहयोग गरिएको छ,पालिकाकै सहयोगमा भवन निर्माण पनि भइरहेको छ, उनीहरुलाई हामीले प्रथामिकताका साथ सहयोग गर्दै आएका छौँ यहाँका उत्पादनलाई हामीले प्राथमिकतामा राखेका छौँ, हामीले महिला उद्यमीलाई निरन्तर सहयोग गर्नेछौँ, मेला महोत्सवमा सामान बिक्रीका लागि लैजान यातायात खर्च र स्टल खर्चको बेहोर्ने योजना पनि बनाएका छौँ, उद्योगलाई थप व्यवस्थित बनाउनका लागि पालिकाले अध्ययन गरिरहेको छ’, उनले भने ।-*रासस*

## खेलकुद समाचार

# बंगलादेशलाई महिला च्याम्पियनसिपको उपाधि



**काठमाडौं,** फागुन २७/साफ यु-१६ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको उपाधि बंगलादेशले जितेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा आइतबार खेलिएको फाइनल खेलमा बंगलादेशले भारतलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले हराउँदै उपाधि चुमेको हो ।

निर्धारित समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि हार-जितको निणर्य पेनाल्टी सुटआउटबाट निकालिएको थियो । पेनाल्टी सुटआउटमा भने बंगलादेशले बाजी मार्‍यो । खेल सुरु भएको चौथो मिनेटमा भारतले अग्रता लिएको थियो । ६८ औं मिनेटमा बंगलादेशले जवाफी गोल गरेको थियो । समूहग चरणको खेलमा बंगलादेश पहिलो र भारत दोस्रो हुँदै प्रतियोगिताको फाइनलमा पुगेका थिए । घरेलु टोली नेपाल र भुटान भने समूहगत चरणबाटै बाहिरिएका थिए । समूहगत चरणको खेलमा बंगलादेशले तीनवटै खेलमा जित हात पारेको थियो । आफ्नो पहिलो खेलमा बंगलादेशले घरेलु टोली नेपालमाथि २-० गोलको जित हासिल गरेका थियो । दोस्रो खेलमा बंगलादेशले भारतलाई ३-१ गोलले पराजित गरेको थियो । बंगलादेशले आफ्नो तेस्रो खेलमा भुटानमाथि ६-० गोलको सजिलो जित हासिल गरेको थियो । भारत भने समूहगत चरणमा तीनमध्ये दुई खेल जित्दै फाइनलमा पुगेको हो । भारतले समूहगत चरणको आफ्नो पहिलो खेलमा भुटानलाई ७-० गोलले पराजित गरेको थियो । अर्को खेलमा भारतले नेपाललाई १०-० गोलको फराकिलो अन्तरले हराएको थियो । नेपालले भने समूहगत चरणमा एक खेलमात्र जित्न सक्यो । नेपालले भुटानलाई ३-० गोलले हराएको थियो । भुटान भने समूहगत चरणमा आफूले खेलेको तीनवटै खेलमा पराजित भयो ।

## TRC कार्ड हराएको सूचना

मेरो निम्न विवरण भएको रोमनियाको TRC कार्ड यही मिति २०८०/१०/१८ गतेका दिन पाल्पाको आर्यभज्याङ्गदेखि तानसेनतर्फ आउने क्रममा हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम** : गम्भिर सारू
**ठेगाना** : माथागढी-१, पाल्पा
TRC**को**CNP**नं:** ७९४१२२५१२००४८
**राहदानी नं** : ०७७४२८८५
**सम्पर्क नं.** : ९७०६४५२७४२

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको वृद्धि





**पाल्पा,** फागुन २७/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि देखिएको छ । आइतबार नेप्से परिसूचक २२ दशमलव १० अंकले बढेर दुई हजार ५२ दशमलव ६५ को बिन्दुमा कायम भएको हो ।

तीन सय चार कम्पनीका ७० लाख ४३ हजार चार सय ५७ कित्ता शेयर ५६ हजार सात सय २६ पटक खरिद बिक्री हुँदा रु दुई अर्ब ९२ करोड २७ लाख ७१ हजार पाँच सय ५८ बराबरको कारोबार भएको छ । जलविद्युत समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लघुवित्त समूहको उपसूचक चार दशमलव २१ र जीवन बीमा समूहको उपसूचक एक दशमलव ८४ प्रतिशतले बढेको छ । बैकिङ समूह शून्य दशमलव ७४, विकास बैंक एक दशमलव ०८, वित्त समूह एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव १२ र लगानी समूह एक दशमलव २६ प्रतिशतले बढेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९१, म्युचुअल फण्ड एक दशमलव ०१, निर्जीवन बीमा एक दशमलव ३४, व्यापार शून्य दशमलव ६५ र अन्य समूह शून्य दशमलव २८ प्रतिशतले बढेको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २२ करोड ९३ लाख २५ हजार छ सय ४३ बराबरको चार लाख ३० हजार एक सय ३१ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई